नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

(आन्तरिक प्रशासन तथा साहसिक पर्यटन शाखा)

www.tourismdepartment.gov.np
Email:info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्या: २०८२/८३
चलानी नं.:

मितिः२०८३/०१/२१
नेपाल संवत् :११४६

## इजाजत नलिई साहसिक तथा मनोरञ्जनात्मक खेल संचालन नगर्ने सम्बन्धी सूचना

साहसिक तथा मनोरञ्जनात्मक खेलहरु (बञ्जी जम्पिङ, स्विङ, क्यानोनिङ, स्काई डाईभिङ, जिप लाईन, जिप कोष्टर, जेट स्की, मोटरवोट जस्ता) खेलहरु संचालन गर्दा कानून वमोजिम दर्ता/इजाजत लिई सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी सुरक्षा मापदण्डको पूर्ण पालना गरेर मात्र सञ्चालन गर्नुपर्दछ।

पर्यटन ऐन, २०३५को दफा ४५ क. एवम् पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका,२०७० को दफा ९३ वमोजिम साहसिक तथा मनोरञ्जनात्मक खेल पर्यटनसँग सम्वन्धित संस्था/कम्पनीलाई इजाजत दिने कार्य यस विभागवाट हुने गरेको विदितै छ।हाल देशका विभिन्न स्थानमा इजाजत नलिई साहसिक तथा मनोरञ्जनात्मक खेल सञ्चालन भईरहेको गुनासो आईरहेको सन्दर्भमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

साहसिक तथा मनोरञ्जनात्मक खेल संचालन गर्दा सुरक्षा मापदण्डको विश्लेषण नै नगरी आफुखुसी इजाजत विना खेल गतिविधि संचालन गर्नु कानून विपरितको कार्य भएको हुँदा यस्ता गतिविधिहरु तत्कालै वन्द गरी इजाजत नलिई खेल संचालन गरेका संस्था/कम्पनीहरुलाई बढीमा ३०(तीस) दिन भित्र अनिवार्यरुपमा यस विभागमा इजाजत लिने प्रयोजनकोलागि आवश्यक कागजात सहित सम्पर्क गर्न आउनुहुन अनुरोध छ।इजाजत प्रकृया समेत शुरू नगर्ने यस्ता संस्था/कम्पनीहरुलाई कानून वमोजिम कारवाही हुने वेहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

२०८३/०१/२१

हिमाल गौतम
(सूचना अधिकारी)

CamScanner